नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्या:-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मितिः-२०७२/०१/२९

## प्रेस विज्ञप्ति

मिति २०७२/०१/१२ गते गएको विनाशकारी भूकम्पबाट भएको क्षतिको विवरण लिने तथा उद्धार, खोज र राहत वितरणको कार्य जारी रहेकै अवस्थामा आज मिति २०७२/०१/२९ गते १२:५४ वजे दोलखा जिल्लाको भ्याकुसुरी र चिलङ्खाकोबिचमा केन्द्र विन्दु रहेको ६.८ रेक्टर स्केलको भूकम्प गएको छ ।

उक्त भूकम्पले दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाण्डौ, ललितपुर, भक्तपुर लगायतका ३२ जिल्लाहरुलाई प्रभावित पारेको छ । पछिल्लो जानकारी अनुसार आजअपरान्ह ०५:५५ वजेसम्म भूकम्पबाट मृत्यु हुनेको संख्या काठमाण्डौ - ४, ललितपुर -१, सुनसरी -१, सिन्धुपाल्चोक-५, दोलखा - १९, धनुषा -१, सर्लाही -१, सिन्धुली -२, रौतहट-१, रामेछाप-१, गोरखा-१, गरी मृत्यु हुने जम्मा संख्या - ३७ र घाइतेको संख्या - ११२९ पुगेको छ । घाइतेहरुलाई हेलिकप्टरबाट उद्धार गर्ने कार्य जारी छ । घाइतेहरुको नजिकको अस्पताल तथा स्वास्थ्य केन्द्रहरुमा उपचार भइरहेको छ । प्रभावित जिल्लाहरुमा भौतिक क्षति समेत भएको प्रारम्भिक विवरण प्राप्त भएको छ । विवरण प्राप्त हुने क्रम जारी रहेको छ ।

आजको भूकम्पबाट मृत्यु हुने मृतकको आत्माको चिर शान्तिको कामनाका साथै शोक सम्तप्त् परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गृह मन्त्रालय गर्दछ । विनाशाकारी भूकम्पबाट पीडित व्यक्ति/परिवारको उद्धार, खोज तथा राहत वितरणको कार्यमा राज्यको सम्पूर्ण श्रोत-साधन र शक्तिको प्रयोग भइरहेको अवस्थामा नागरिकले थप पीडाको सामना गर्नु परेको छ । प्राकृतिक विपत्तिले श्रृजना गरेको दु:खद यस घडीमा सम्पूर्ण जनमानसमा धैर्यधारण गरी दिन हुन समेत मन्त्रालय हार्दिक अपिल गर्दछ ।

लक्ष्मीप्रसाद ढकाल

(प्रवक्ता)